# आमचोक गाँउपालिका
# गाँउ कार्यपालिकाको कार्यालय

वालंखा, भोजपुर

प्रदेश नं १, नेपाल

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वालखा, भोजपुर १ नं प्रदेश

प.स: २०७७/०७८

सूचना नः ४६

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना
## (तेस्रो पटक प्रकाशित मितिः २०७८।०१।१७)

आमचोक गाउँपालिकामा अस्थायी कोभिड अस्पताल संचालनको लागि तपशिल अनुसारको कर्मचारी सेवा करार गरि राख्नुपर्ने भएकोले आवश्यक योग्यता पुगेका नेपाली नागरिकबाट सूचना प्रकाशनको मितिले ७(सात) दिन भित्र आमचोक गाउँपालिकाको कार्यालयमा स्वयं उपस्थित भई वा कार्यालयको इमेल ठेगाना ito.aamchowkmun@gmail.com मा आवश्यक कागजात र दरखास्त दस्तुर तिरेको रसिद/भौचर सहित आवेदन दिनुहुन अनुरोध छ।

**तपशिल**

| विज्ञापन नं | पद | तह/सेवा/समुह | माग संख्या | काम गर्नुपर्ने स्थान | आवश्यक शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १३/२०७७/०७८ | मेडिकल अधिकृत | अधिकृत आठौं तह | १ जना | अस्थायि कोभिड अस्पताल | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.वि.वि.एस उतिर्ण गरि नेपाल मेडिकल काउन्सिल दर्ता भएको |
| १४/२०७७/०७८ | स्टाफ नर्स | सहायक पाँचौ/स्वास्थ्य/नर्सिङ्ग | २ जना | अस्थायी कोभिड अस्पताल | मान्यता प्राप्त शिक्षण संस्थाबाट PCL Nursing वा सो सरह उतिर्ण गरि सम्बन्धित काउन्सिल दर्ता भएको |

१. आवश्यक न्युनतम योग्यता र अनुभवः

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.वि.वि.एस उतिर्ण गरि नेपाल मेडिकल काउन्सिल दर्ता भएको

(ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट PCL Nursing वा सो सरह उतिर्ण गरि सम्बन्धित काउन्सिल दर्ता भएको

२. सेवाको किसिमः- करार सेवा।

३. उमेरको हद

(क) मेडिकल अधिकृतको हकमा महिला र अपाङ्गता भएका व्यक्तिहरुको लागि दरखास्त दिने अन्तिम मिति सम्म् २१ पुरा भई ४० वर्ष ननाघेको र पुरुषको लागि दरखास्त दिने अन्तिम मिति सम्म २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको।

(ख) स्टाफ नर्सका हकमा महिलाका लागि दरखास्त दिने अन्तिम मिति सम्म् १८ पुरा भई ४० वर्ष ननाघेको र पुरुषको लागि दरखास्त दिने अन्तिम मिति सम्म १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।

४. दरखास्त दिने स्थानः- आमचोक गाउँकार्यपालिकाको कार्यालय, वालंखा भोजपुर वा कार्यालयको वेवसाईट www.aamchowkmun.gov.np बाट दरखास्त फारम डाउनलोड गरी उक्त फारम भरी कार्यालयको ईमेल ito.aamchowkmun@gmail.com मा पठाउन सकिनेछ।

२०७८/१/१६

प्रशासकीय अ...

Email: info@aamchowkmun.gov.np

## आमचोक गाँउपालिका

# गाँउ कार्यपालिकाको कार्यालय

वालंखा, भोजपुर

प्रदेश नं १, नेपाल

प.स.:२०७७/०७८

सूचना.नः ४६

५. आवेदन दस्तुरः- (क) मेडिकल अफिसर का लागि रु १०००/- (ख) स्टाफ नर्सका लागि रु ५००/-

६. छनौटको किसिमः- लिखित तथा मुल्याङ्कन, प्रत्यक्ष अन्तर्वार्ता।

७. आवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरुः- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

- नागरिकताको प्रलितिपि, न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपि, चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, अनुभव खुल्ने कागजात, प्रचलित नेपाल कानून बमोजिम विभिन्न काउन्सिल वा परिषद वा अन्यमा दर्ता भएको प्रमाणित प्रतिलिपि सलग्न हुनुपर्नेछ।

८. शैक्षिक योग्यता, अनुभव तथा अन्य प्रमाणपत्रहरुका सम्बन्धमा दरखास्त बुझाउने अन्तिम मिति सम्म जारी भएकोलाई मात्र मान्यता दिईनेछ।

९. परीक्षा संचालन हुने मिति समय र स्थानः- दरखास्त फारम भर्ने अन्तिम म्याद पछि पालिकाको सूचना पाटी, वेवसाईट मा राखिने छ।

१०. सेवा सुविधाः-सम्बन्धित तहका लागि प्रचलित नेपाल सरकारको न्युनतम तलव स्केलवाट नघट्ने गरि र अन्य सेवा सुविधा करार सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ।

११. आवेदन दस्तुर बुझाउने प्रकृयाः- आन्तरिक राजश्व खाता आमचोक गाउँपालिकाको नाममा सिद्धार्थ बैंक लिमिटेड वालंखा, भोजपुर शाखामा रहेको खाता नं ०२६१५३९१७५१ मा बुझाई बैंक भौचर पेश गर्नु पर्नेछ।

१२. म्याद नाघी आएको तथा रित पुर्वक नआएको दरखास्त उपर कुनै कारवाही हुनेछैन। आवेदन स्वीकृत/अस्वीकृत गर्ने अधिकार पालिकालाई हुनेछ। दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोपछि कार्यालय खुलेको पहिलो दिन कार्यालय समय भित्र दरखास्त पेश गर्नुपर्नेछ।

१३. दरखास्त फारम भर्दा आउने अस्पष्टताको सम्बन्धमा यसपालिकाको कार्यालयको टेलिफोन नं ९८६२०४६७७७ / ९८५२०८१३३६ मा सम्पर्क गरी बुझ्न सकिनेछ।

(नोटः ईमेल बाट दरखास्त फारम बुझाउने आवेदकले दरखास्त फारम, बैंक भौचर लगायत सम्पूर्ण कागजात स्क्यान गरी ईमेल मा पठाउनु पर्नेछ।)

याम बहादुर उप्रेकोटी

प्रमुख प्रशासकीय अधिकृत

Email: info@aamchowkmun.gov.np